**मिति २०७५।१२।२६ गतेको कार्यपालिकाको निर्णयहरु**

**निर्णय न.१.**

राष्ट्पती चुरे तराई मधेश संरक्षण विकास समितिको कार्यक्रम संचालन कार्यविधि २०७५/७६ वमोजिम हुने गरी रातु नदी प्रणालिमा तोकिएको कार्यक्रमहरु वडा न.१,३,४,६,७,८ र ९ का वडा अध्यक्षहरुबाट प्रस्ताब तयार गरी आगामी बैठकमा पेश गर्ने ।

**निर्णय न.२.**

विशेष अनुदानबाट प्राप्त रकम रु.३ करोड बर्दिबास नगरपालिका क्षेत्र भित्र रहेको ५२ वटा सामुदायिक विध्यालयमा शुद्ध खानेपानी ब्यवस्थापनको लागी विध्यालयको खानेपानीको श्रोत विध्यार्थी संख्या विध्यालयको तह र आवश्यक लगत इस्टिमेटको आधारमा नगरपालिकाले निर्णय लिने ।

**निर्णय न.३.**

विक्रीकरको पुन ठेक्काको विषयमा बर्दिबास नगरपालिकाको राजश्व परामर्श समितिले निर्धारण गरेको मुल्यको आधारमा नगरकार्यपालिकाले निर्णय लिने ।

**निर्णय न.४.**

विभिन्न विषयगत कार्यविधि, ऐन, नियमावली आदि सम्बन्धमा छलफल गर्दा नगरपालिकालाई आवश्य पर्ने कार्यविधि, ऐन, नियमावली, निर्देशिका आदि निर्माण प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. ५**

मेयर कृषि कार्यक्रम संचालन कार्य विधि २०७५ को दफा ४ बमोजिम कृषि विकास वोडको कार्यकारी उपध्यक्षमा बर्दिवास नगरपालिका वडा नं. ३ निवासी श्री मदन कुमार अर्याललाई नियुक्ति गर्ने ।

**निर्णय नं. ६**

वडा नं. ७ को तमाङ टोलको शिरानमा खानेपानी डिप बोरीङ निर्माण गर्ने र लागत अनुमानको आधारमा आवश्यक रकम विनियोजन गर्ने ।

**निर्णय नं. ७**

शहरी विकासको योजनाको विषयमा आवश्यक छलफल गरी अर्को बैंठकमा पेश गर्ने ।

**<u>निर्णय नं. ८</u>**

वडा नं. ७ को वडा कार्यालयको घेरावेरा र शौचालय निर्माणको लागि लगत अनुमानको आधारमा रकम ब्यहोर्ने ।

**<u>निर्णय नं. ९</u>**

सामूदायिक भवनको सम्बन्धमा छलफल गर्दा आवश्यक सामूदायिक भवनहरु अर्को बैठकमा छलफल गरी अगाडी बढाउने ।

**<u>निर्णय नं. १०</u>**

तपशिल बमोजिमका पक्की र झोलुंगे पुल प्रदेश तथा संघीय सरकारमा माग गर्ने ।

- हात्तीमारा खोलमा पक्की पुल – वडा नं. १
- भब्सी खोलामा पक्की पुल – वडा नं. ३
- उर्रा खोलामा पक्की पुल – वडा नं. ३
- वडा नं. ४ र ५ जोड्ने लक्ष्मी खोला र चेरु खोलामा पक्की पुल
- गढन्ता खोलामा पक्की पुल
- वरडाँडामा दुई वटा झोलुंगे पुल
- कृषि कलेज हुदै वडा कार्यालय जोड्ने खोलामा पक्की पुल
- तितरी गाछी वडा नं. ६ बाट प्रलाद क्षेत्रीको क्रसर आउने बाटोमा झोलुंगे पुल
- भिष्म खड्काको घर हुदै साविक वडा नं. ९ जाने बाटो रातु खोलामा पक्की पुल – वडा नं. ६
- वडा नं. ८ को क्वाटर देखि चीनिमिल जाने वाटोको खोलामा पक्की पुल ।
- झ्याउरे भांग्रेमा २ वटो झोलुंगे पुल – वडा नं. १०
- मुक्तान टोल वडा नं. १० र ११ जोड्ने झोलुंगे पुल – वडा नं. ११
- व.न.पा. ३ पाटु बाट मिथिला न.पा. ११ जाने बाटोमा रातुखोलामा झोलुंगे पुल
- बाँके चौक देखि सर्लाही चौतारा जोड्ने सडकको खोलामा पक्क पुल
- वडा नं. १० र ११ जोड्ने खोलामा पक्क पुल ।।
- वडा नं. ११ छोड्को वाघ खोल्सि, गुरुङ खोला र गर्दी खोलामा झोलुंगे पुल ।

**<u>निर्णय नं. ११</u>**

मेयर कृषि कार्यक्रमको लागि आवश्यक जग्गा प्राप्ती विषयमा अर्को बैठकमा छलफल गर्ने ।

**<u>निर्णय नं. १२</u>**

रातुखोला उत्खन्न तथा क्रसरको अनुगमन समिती सम्बन्धमा छलफल गर्दा नगर उप प्रमुखको संयोजकत्वमा अनुगमन समिति गठन गर्ने ।

**<u>निर्णय नं. १३</u>**

स्वास्थ्य मन्त्रालयबाट प्राप्त वडा नं. ४,६ र १० को स्वास्थ्य चौकी भवन निर्माण गर्ने ।

**<u>निर्णय नं. १४</u>**

वडा नं. १,३,५,७,८,१२ र १४ मा स्वास्थ्य चौकीको लागि माग गर्ने।

**<u>निर्णय नं. १५</u>**

पूर्वपश्चिम राजमार्ग र वि.पि. राजमार्गमा रहेको मसलाका रुखहरु पुरानो भई ढल्न सक्ने र मानवीय क्षति हुने सम्भावना भएकाले त्यस्ता रुखहरु कटान गर्न जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने ।